# हुप्सेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी (व.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्थापना २०७३

पत्र संख्या – ०७९/०८०
चलानी नम्बर -

मिति : २०८०/०३/२८

## सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना !

यस हुप्सेकोट गाउँपालिका क्षेत्र भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आ.व.०८०/८१ मा पुनः भत्ता प्राप्त गर्नका लागि सामाजिक सुरक्षा नियमावली, २०७६ संशोधन सहितको नियम ९ को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ताको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र नविकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफैं उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने व्यवस्था भएकोले सम्बन्धित लाभग्राहीहरुले देहाय वमोजिमको कागजातहरु संलग्न राखी तोकिएको ढाँचामा निवेदन दिई यहि मिति **२०८० साल श्रावण महिना देखि भदौ मसान्तभित्र** परिचयपत्र नवीकरण गराउनुहुन सूचित गरिन्छ र बालबालिका वा स्वयं उपस्थित हुन नसक्ने लाभग्राहीको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गराउनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरणका लागि आवश्यक कागजातहरु:**

- सामाजिक सुरक्षा भत्ताको सक्कल परिचयपत्र,
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- १ प्रति पासपोर्ट साइजको फोटो,
- अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाणित पत्र,
- ६० वर्षभन्दा माथि एकल महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि, विवाह नगरेको प्रमाणित पत्र, सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणित पत्र,
- सम्पर्क नम्बर र तीन पुस्ते विवरण (बाबु, आमा र बाजे) ।

**नोटः तोकिएको समयमा परिचयपत्र नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिने छैन तथा लाभग्राहीको नाम स्वतः प्रणालीबाट हट्नेछ र निर्धारित समय सिमाभित्र नवीकरण नभएका लाभग्राहीले पुनः भत्ता प्राप्त गर्नका लागि नयाँ लाभग्राहीको रुपमा निवेदन पेश गर्न सकिनेछ ।**

२०८०।०३।२८

टेकनाथ घिमिरे
प्रमुख प्रशासकीय अधिकृत